हरिवन नगरपालिका

# निर्माण व्यवसायको व्यवस्थापन र विस्तार सम्बन्धीकार्यविधि, २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः- २०७५।३।२७**

हरिवन नगरपालिका

हरिवन, सर्लाही

२ नं. प्रदेश, नेपाल

हरिवन नगरपालिका

# हरिवन नगरपालिका
# निर्माण व्यवसायको व्यवस्थापन र विस्तार सम्बन्धी कार्यविधि, २०७५

परिच्छेद-१

१. प्रस्तावना : सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्ने अर्को कानूनी व्यवस्था नभएसम्मको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को २ को उपदफा २ को ६(१०) को अधिकार अनुरुप कार्य गर्न हरिवन नगर कार्यपालिकाबाट नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ नियम ३ बमोजिम यो कार्यविधि स्विकृत गरी जारी गरिएको छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम हरिवन नगरपालिका, नगर कार्यपालिकाद्वारा सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुन: निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि दफा ४ बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ।

(घ) "संगठित संस्था" भन्नाले हरिवन नगरपालिका, नगर कार्यपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(ङ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न हरिवन नगरपालिका, नगर कार्यपालिका तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

(च) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले नियम ९ बमोजिम गठित निर्माण व्यवसाय विकास समिति सम्झनु पर्छ ।

(ज) "प्राविधिक समिति" भन्नाले नियम ११ बमोजिम गठित कार्यान्वयन प्राविधिक समिति सम्झनु पर्छ ।

(झ) "कोष" भन्नाले नियम १३ बमोजिमको कोष सम्झनु पर्दछ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

यस कार्यविधि बमोजिम वा अन्य स्थानीय तह वा संघीय सरकारबाट इजाजतपत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति मार्फत वा जनसहभागितामा सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

४. इजाजतपत्र :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्ने इजाजतपत्रको लागि नियम-११ को प्राविधिक समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) नियम ४(१) बमोजिम दरखास्त पर्न आएमा प्राविधिक समितिले त्यस्तो दरखास्त उपर तोकिए बमोजिम जाँच बुझ गरी "घ" वर्गको इजाजतपत्र दिन हरिवन नगरपालिका, नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(३) नियम ४(२) बमोजिम प्राविधिक समितिबाट सिफारिस भै आएको दरखास्तवालालाई हरिवन नगरपालिका, नगर कार्यपालिकाले अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

५. इजाजतपत्रको अवधि र नवीकरण :

(१) नियम ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र नियम ६ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) नियम ५(१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र तोकिए बमोजिमको दस्तुर तिरी तोकिएको अधिकारीबाट तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) नियम ५(२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

६. इजाजतपत्रको खारेजी :

(१) देहायको अवस्थामा नियम ११ बमोजिम प्राविधिक समितिको सिफारिसमा हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,



हरिवन नगरपालिका

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा संगठित संस्थामा झुट्टा विवरण तथा तत्सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(घ) तोकिएको समयमा काम सम्पन्न नगरेमा ।

(२) नियम ६ (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न सात दिनको मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) नियम ५(३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) नियम (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्मलाई दिनुपर्नेछ ।

## परिच्छेद-३

## निर्माण व्यवसायीको दायित्व

७. निर्माण व्यवसायीको दायित्व :

(१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण तोकिए बमोजिम प्राविधिक समिति समक्ष पेश गर्नु पर्नेछ ।

८. निर्माण व्यवसायीहरुबाट गराउन सकिने सार्वजनिक निर्माण प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद-४

## निर्माण व्यवसाय विकास समिति र कार्यान्वयन प्राविधिक समिति

९. निर्माण व्यवसाय विकास समिति :

(१) निर्माण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा संचालन गर्न आवश्यक नीति तयार गरी सम्बन्धित निकायहरुलाई निर्देशन दिन देहाय बमोजिमको निर्माण व्यवसाय विकास समिति गठन हुनेछ :-

(क) प्रमुख - अध्यक्ष

(ख) उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगर स्थित निर्माण व्यवसायी संघको अध्यक्ष वा नगर प्रमुखले तोकेको प्रतिनिधि - सदस्य

(ङ) जिल्ला स्थित इन्जिनियर एशोसिएसन वा नगरपालिकाको ईन्जिनियर प्रतिनिधि - सदस्य

(च) योजना महाशाखा वा शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



हरिवन नगरपालिका

१०. समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक नर्म्स् तयार गर्ने,

(ख) सार्वजनिक निर्माण कार्यमा प्रस्तावक र प्रस्ताव स्वीकृतिकर्ता बीच हुने सम्झौतापत्र, करारका शर्तहरु तथा स्पेसिफिकेशन सम्बन्धी नमूना मसौदाको निर्माण तथा विकास गर्ने,

(ग) सार्वजनिक निर्माण कार्यसंग सम्बन्धित वातावरणीय पक्ष लगायतका अन्य विषयहरुमा आवश्यक कोडहरुको निर्माण तथा विकास गर्ने,

(घ) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनको लागि प्रशिक्षण तथा तालिम संचालन गर्ने,

(ङ) निर्माण व्यवसायसँग सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने,

(च) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

११. कार्यान्वयन प्राविधिक समिति :

(१) निर्माण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक प्राविधिक सहयोग पुऱ्याउन देहाय बमोजिमको एक कार्यान्वयन प्राविधिक समितिको गठन हुनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) कार्यपालिकाको सम्वन्धित विषयगत समितिका संयोजक - सदस्य

(ग) नगर स्थित निर्माण व्यवसायी संघको वा समितिका अध्यक्षले तोकेको निर्माण व्यवसायी प्रतिनिधि - सदस्य

(घ) जिल्ला स्थित इन्जिनियर एशोसिएसनको प्रतिनिधि वा नगरपालिकाको ईन्जिनियर - सदस्य

(ङ) उपलब्ध भएसम्म नगरपालिकाको कानूनी सल्लाहकार/कानून अधिकृत वा अध्यक्षले तोकेको नगरपालिकाको अधिकृत - सदस्य

(च) योजना महाशाखा वा शाखा प्रमुख वा इन्जिनियर - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

१२. कार्यान्वयन प्राविधिक समितिको काम, कर्तव्य र अधिकार :

कार्यान्वयन प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्न हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्ने ।

(ख) निर्माण व्यवसाय सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने ।

(ग) सार्वजनिक निर्माण कार्यको गुणस्तर सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित प्राविधिकबाट भएको जाँचपासको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

(घ) खण्ड (ग) बमोजिम जाँचबुझ गर्दा वा गराउँदा तोकिएको गुणस्तर कायम नराखी प्राविधिकबाट जाँचपास भएको देखिएमा त्यसबाट हुन गएको हानी नोक्सानी असुल उपर गर्न त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) निर्माण व्यवसाय विकास समितिलाई आवश्यक सहयोग गर्ने ।

(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## कोष तथा लेखा परीक्षण

१३. निर्माण व्यवसाय कोष :

(१) सार्वजनिक निर्माण कार्यको गुणस्तर र निर्माण व्यवसायीहरुको कार्यक्षमतामा बृद्धि गराउन निर्माण व्यवसायीहरुलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन एक निर्माण व्यवसाय कोषको स्थापना आगामी दिनमा गरिने छ । उक्त कोष स्थापना नभएसम्म नगरपालिकाको संचित कोषलाई सो अनुसारको कोष

मानिनेछ ।

(२) नियम १३ (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन :-

(क) हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त रकम,

(ख) निर्माण व्यवसायीहरुबाट तोकिए बमोजिम प्राप्त अनुसूची-२ बमोजिमको दस्तुर, वा अन्य दस्तुर

(ग) स्वदेशी वा विदेशी संघ संस्थाबाट प्राप्त रकम

(घ) केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त रकम

(३) कोषको संचालन एवं खर्च कार्यान्वयन प्राविधिक समितिको निर्णय अनुसार हुनेछ ।

(४) कोषको खाता कार्यान्वयन प्राविधिक समितिका अध्यक्ष तथा सदस्य सचिव वा अध्यक्षले तोकेको सदस्यको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(५) नियम १३(१) बमोजिमको कोषको संचालन तथा लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

विविध

१४. ठेक्का सम्बन्धी कागजात पठाउनु पर्ने : हरिवन नगरपालिका भित्र सार्वजनिक निर्माण कार्य गर्ने सम्बन्धमा भएको सम्झौता र सो सँग सम्बन्धित कागजातहरुको एक प्रति ठेक्का स्वीकृत गर्ने निकायले कार्यान्वयन प्राविधिक समितिमा पठाउनु पर्नेछ ।

हरिवन नगरपालिका

१५. सहुलियतमा पैठारी गरिएका सामानहरुको विवरण खुलाउनु पर्ने : द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम प्राप्त सुविधा अन्तर्गत निर्माण व्यवसायीले नेपाल भित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरुको विवरण तोकिए बमोजिमको ढाँचामा कार्यान्वयन प्राविधिक समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१६. विदेशी निर्माण व्यवसायीले सहुलियतमा पैठारी गरेका मेशिनरी औजार आदि अन्यत्र प्रयोग गर्न नहुनेः** नियम १५ बमोजिम विदेशी निर्माण व्यवसायीले आयात गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरु जुन कार्यको लागि आयात गरिएको छ सोही कार्यको लागि मात्र प्रयोग गर्नु पर्नेछ । हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वीकृति नलिई त्यस्ता सवारी साधन, मेशिनरी औजार, यन्त्र तथा उपकरणहरु अन्य कार्यको लागि प्रयोग गर्नु हुँदैन ।

**१७. विदेशी सरकार वा संस्थासंग भएको सम्झौता बमोजिम हुने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व भएको संस्था वा अन्तर्राष्ट्रिय संस्थाहरुबीच भएको अनुदान वा ऋण सहायता सम्बन्धी सम्झौता बमोजिम सार्वजनिक निर्माण कार्य गर्दा सोही सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

**१८. दण्ड सजाय :** निर्माण व्यवसायीले प्रचलित कानून बमोजिम प्राप्त सहुलियत तथा सुविधाहरुको दुरुपयोग गरेमा त्यस्तो निर्माण व्यवसायीलाई हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले त्यसरी दुरुपयोग भएको रकमको दोब्बर रकमसम्म जरिवाना गर्न सक्नेछ ।

**१९. उपसमिति गठन गर्न सक्ने :** (१) यस कार्यविधि बमोजिम गठित समितिले आफ्नो कार्य संचालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) नियम १९(१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्याविधि समितिले तोके बमोजिम हुनेछ ।

**२०. इजाजतपत्रको प्रतिलिपि दिने :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा कार्यान्वयन प्राविधिक समितिले रु. एक हजार दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**२१. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने :** हरिवन नगर कार्यपालिकाले यस कार्यविधि बमोजिमको अनुसूचीमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

**२२. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२३. कार्यविधिको संशोधन, परिमार्जन तथा खारेजी :** यस कार्यविधिको हरिवन नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा खारेजी गर्न सक्नेछ ।

**२४. बचाउ :** यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेकेदार सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु तथा सोको नविकरण यसै ऐन बमोजिम दिइएको मानिनेछ ।

हरिवन नगरपालिका

**अनुसूची-१**
**(नियम ४(१) संग सम्बन्धित)**
**<u>ईजाजतपत्रको लागि दिईने दरखास्त</u>**

| |
|---|
| दरखास्त वालाको फोटो |

**बिषय : ईजाजतपत्र पाऊँ भन्ने बारे ।**

श्री कार्यान्वयन प्राविधिक समिति,
हरिवन नगर कार्यपालिकाको कार्यालय ।

यस हरिवन नगरपालिकाको निर्माण व्यवसायको व्यवस्थापन र विस्तार सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सार्वजनिक निर्माण कार्यको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ :

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :

नाम :

ठेगाना :

पोष्ट बक्स :

टेलिफोन : फ्याक्स नं. : ईमेल :

२. फर्म वा कम्पनीको प्रकृति :

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

*(कोष्ठमा रेजा लगाउनु पर्नेछ)*

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :

नाम थर :

ठेगाना : पोष्ट बक्स नं. :

टेलिफोन : फ्याक्स न : ईमेल :

४. फर्म वा कम्पनी विवरण :

दर्ता नं. : दर्ता मिति :

अधिकृत पूँजी : जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. ईजाजतपत्र लिन चाहेको बर्ग :

६. ईजाजत लिन संलग्न भौचर नं. :

७. आर्थिक श्रोतको विवरण :

हरिवन नगरपालिका

| विवरण | रकम | वित्तिय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :

| कामदारको विवरण | संख्या | कार्यरत कर्मचारीको नाम, थर | वितरित पारिश्रमिक दर | कैफियत |
|---|---|---|---|---|
| क) प्राविधिक | | | | |
| ख) अप्राविधिक | | | | |
| ग) अन्य | | | | |

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

*द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।*

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्का दाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा मर्मत सम्भार | | | |
| २ | सडक निर्माण तथा मर्मत सम्भार | | | |
| ३ | विमानस्थल निर्माण तथा मर्मत सम्भार | | | |
| ४ | बाँध, नहर, जलाशय, पानी ट्याङ्की तथा ढल निर्माण, पाईप विछ्याउने तथा मर्मत सम्भार | | | |
| ५ | सुरुङ, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत शंभार | | | |
| ६ | विद्युत लाईन निर्माण, पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | हाईड्रोलिक स्ट्रक्चर | | | |
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्त वालाको :

दस्तखत :

मिति :

***द्रष्टव्य :*** *यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।*

हरिवन नगरपालिका

अनूसूची-२
नियम ४(१) संग सम्बन्धित

**दस्तुर :**

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | "घ" वर्ग | रु.१०,०००।- | रु.५,०००।- | रु.३,०००।- | रु.१०००।- | |

***द्रष्टव्य :*** *यस कार्यविधि बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।*

हरिवन नगरपालिका

अनूसूची-३
नियम ४(३) संग सम्बन्धित

**इजाजतपत्र**

**ईजाजत पत्र नं. .........................** **मिति :**

हरिवन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

निर्माण व्यवसाय ऐन, २०५५ को दफा ४ को उपदफा (३) र निर्माण व्यवसाय नियमावली, २०५६ को नियम ६ को उपनियम (१) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार निर्माण व्यवसाय गर्न ............................ स्थित कार्यालय भएको .................. फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको :
दस्तखत :
नाम :
पद :
कार्यालय :
मिति :

(यस बृतभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

**नवीकरण**

| नवीकरण गर्ने अकिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनूसूची-४

## इजाजतपत्र अभिलेख

ईजाजतपत्रको क्रम संख्या :-

(अनुसूची-६ मा उल्लिखित क्र.सं. उल्लेख गर्ने)

खण्ड क

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,-

(क) नाम :-

(ख) ठेगाना :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,-

(क) नाम :-

(ख) ठेगाना :-

३. निर्माण व्यवसायको,-

(क) दर्ता नं. :-

(ख) दर्ता मिति :-

४. ईजाजतपत्रको,-

(क) वर्ग :-

(ख) समूह :-

५. इजाजतपत्र जारी गरेको शुरु मिति :-

**खण्ड "ख"**

**नवीकरण**

| सि.नं. | नवीकरण भएको मिति | ईजाजतपत्र नवीकरण दस्तुरको भौचर नं. | नवीकरण दस्तुर बुझाएको मिति | नवीकरण दस्तुर बुझाएको बैंक | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**खण्ड "ग"**



हरिवन नगरपालिका

## कार्य अभिलेख विवरण

| सि.नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्बन्धीत अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## खण्ड "घ"

## निर्माण व्यवसाय कोषमा रकम बुझाएको विवरण

| सि.नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता नम्बर | ठेक्का सम्झौता बमोजिम को रकम | कार्य सम्पन्न गर्दा लागेको कुल रकम | कोषमा बुझाएको रकम | सम्बन्धीत अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

हरिवन नगरपालिका

**अनुसूची - ५**
**(नियम ५ सँग सम्बन्धित)**
**ईजाजतपत्र नवीकरणको लागि दिईने दरखास्त**

श्री अध्यक्ष,
कार्यान्वयन प्राविधिक समिति,
हरिवन नगर कार्यपालिकाको कार्यालय ।

**विषय : ईजाजतपत्र नवीकरण गरी पाऊ“भन्ने बारे ।**

निर्माण व्यवसाय सञ्चालन गर्ने ईजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई निर्माण व्यवसायको व्यवस्थापन र विस्तार सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,-
(क) नाम :-
(ख) ठेगाना :-
(ग) पोष्ट बक्स :-
(घ) टेलिफोन नं. :-
(ङ) फ्याक्स नं. :-
(च) ईमेल :-
२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,-
(क) नाम :-
(ख) ठेगाना :-
३. निर्माण व्यवसायीको,-
(क) प्रमाणपत्र नं. :-
(ख) दर्ता मिति :-
४. (क) ईजाजतपत्र नं. :-
(ख) ईजाजतपत्र जारी भएको मिति :-
(ग) ईजाजतपत्र जारी गर्ने कार्यालय :-
५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. :-
(ख) नवीकरण मिति :-
६. ईजाजतपत्र नवीकरण दस्तुर । थप दस्तुर बापत रु. ............................ अक्षरेपी.................................... जम्मा गरेको .................................... बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।
७. यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक सांचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहु“ला बुझाउ“ला।

निर्माण व्यवसायीको छाप

निवेदक निर्माण व्यवसायीको तर्फबाट
दरखास्त दिनेको
नाम :-
पद :-
दस्तखत :-
मिति :-

## अनुसूची - ६

## ईजाजतपत्र दर्ता किताब

| क.सं. | ईजाजत पत्रको | | | निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको | | ईजाजत पत्र | | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | वर्ग | समूह | नाम | ठेगाना | जारी मिति | नवीकरण | | |
| | | | | | | | | | |

हरिवन नगरपालिका

## अनुसूची - ७

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैया"को चालू पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : सिभिल इन्जिनियरीङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर/ट्र्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) लेभल (एक थान)

(घ) वाटर पम्प (एक थान)

(ङ) भाइब्रेटर (एक थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नया" दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

५. मुख्य जनशक्ति विवरणमा कार्यरतको नाम, थर र निजहरुले पछिल्लो मासिकमा प्राप्त गरेको पारिश्रमिक समेत उल्लेख गर्नु पर्नेछ ।

हरिवन नगरपालिका

## अनुसूची - ८

**(नियम ७ (२) सँग सम्बन्धित)**

**सार्वजनिक निर्माण कार्यको विवरण**

श्री कार्यान्वयन प्राविधिक समिति,

हरिवन नगर कार्यपालिकाको कार्यालय ।

**विषय : निर्माण कार्य विवरण पेश गरेको ।**

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम सार्वजनिक निर्माण कार्यको विवरण निम्नानुसार खुलाई पेश गरेको छु ।

१. निर्माण व्यवसायीको

(क) नाम :-

(ख) ठेगाना :-

२. कार्य योजनाको नाम :-

३. आयोजना / कार्यालयको -

(क) नाम :-

(ख) ठेगाना :-

४. निर्माण व्यवसायी तर्फको इन्जिनियरको -

(क) नाम :-

(ख) काम गरेको अवधि :-

(ग) नेपाल ईन्जिनियर्स एसोशियसनको सदस्यता नं. :-

५. मुख्य जनशक्ति -

(क) प्राविधिक

(ख) अप्राविधिक

६. ठेक्का सम्पन्न भए बमोजिमको रकम................................

७. ठेक्का सम्झौता बमोजिमको रकम रु. ..............................

८. भेरियसन भए नभएको भएको भए -

(क) बृद्धि भएको रकम रु. ..................

(ख) कम भएको रकम रु. ..................

९. निर्माण कार्यको संक्षिप्त विवरण :-

(क)

(ख)

(ग)

(घ)

१०. कार्य समापन प्रमाणपत्र प्राप्त मिति :-

११. ईजाजतपत्र नं.:-

(अस्थायी ईजाजतपत्र भए सो को व्यहोरा उल्लेख गर्नुपर्नेछ)

**छाप**

दरखास्तवालाको,-

नाम :-

दस्तखत :-

मिति :-

हरिवन नगरपालिका

**अनुसूची - ९**

**(नियम ७ सँग सम्बन्धित)**

**सार्वजनिक निर्माण कार्यको विवरण अभिलेख**

| सि.नं. | निर्माण व्यवसायीको नाम | ईजाजतपत्र नं. | निर्माण कार्यको नाम | आयोजना कार्यालयको नाम | ठेक्का सम्पन्न गरे बमोजिमको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

हरिवन नगरपालिका

**अनुसूची - १०**

**(नियम १५  सँग सम्बन्धित)**

**सहुलियतमा पैठारी गरिएका सामानको विवरण**

श्री कार्यान्वयन प्राविधिक समिति,

हरिवन नगर कार्यपालिकाको कार्यालय,

हरिवन, सर्लाही ।

**विषय : विवरण पेश गरेको ।**

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम नेपालभित्र सहुलियतमा पैठारी गरिएको सवारी साधन, मेशिनरी औजार तथा अन्य यन्त्र, उपकरणको विवरण निम्न बमोजिम खुलाई पेश गरिएको छ ।

१. निर्माण व्यवसायीको,-

(क) नाम :-

(ख) ठेगाना :-

२. कार्य योजनाको नाम :-

३. ठेक्का सम्झौता नम्बर :-

४. सम्झौता अवधि :-

५. आयोजना । कार्यालयको,-

(क) नाम :-

(ख) ठेगाना :-

६. सहुलियतमा पैठारी गरिएको सामानहरुको विवरण :-

| सि.नं. | विवरण | नमूना (मोडल) | क्षमता | निर्माण भएको साल | निर्माता कम्पनी | पैठारी गरेको मिति | लागेको भंसार महशूल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७. सम्झौता बमोजिम सहुलियतमा झिकाउन पाउने सामानहरुको विवरण खुलेको बील अफ क्वान्टीटीको नक्कल यसै दरखास्त साथ पेश गरेको छु ।

यस दरखास्तमा उल्लिखित विवरण ठीक सा‘‘चो छ । झूट्ठा ठहरे कानून बमोजिम सहु‘‘ला बुझाउ‘‘ला ।

**छाप**

दरखास्तवालाको,-

नाम :-

दस्तखत :-

मिति :-

हरिवन नगरपालिका